कार्यपालिकाको ५७ औं बैठक//स्थान : गाउँ सभाको हल

मितिः २०८२ साल श्रावण महिनाको २८ गते बुधबार, विहान ८ बजे

अध्यक्षताः श्रीमान युवराज अधिकारी, गाउँपालिका अध्यक्ष

उपस्थितिः

श्रीमान युवराज अधिकारी, अध्यक्ष

श्री विच्छ बहादुर घले, उपाध्यक्ष

श्री हेमराज काफ्ले, प्रमुख प्रशासकीय अधिकृत

श्री लक्ष्मी प्रसाद अधिकारी वडाध्यक्ष, वडा नं १

श्री गणेश बहादुर खत्री, वडाध्यक्ष, वडा नं २

श्री कृष्णबहादुर गुरुङ, वडाध्यक्ष, वडा नं ३

श्री मिन बहादुर गुरुङ, वडाध्यक्ष, वडा नं ४

श्री कुमराज गुरुङ, वडाध्यक्ष, वडा नं ५

श्री नन्दराज घले, वडाध्यक्ष, वडा नं ६

श्री रीस माया गुरुङ, वडाध्यक्ष, वडा नं ७

श्री नारान घले, वडाध्यक्ष, वडा नं ८

श्री आशिष तामाङ, वडाध्यक्ष, वडा नं ९

श्री नेत्र बहादुर घर्ति, कार्यपालिका सदस्य

श्री गङ्गा गुरुङ, कार्यपालिका सदस्य

श्री अम्बिका मरहट्टा, कार्यपालिका सदस्य

श्री लाल माया मिजार, कार्यपालिका सदस्य

श्री लिला बहादुर सुनार, कार्यपालिका सदस्य

श्री सृष्टि नेपाली, कार्यपालिका सदस्य

अन्यः

श्री ताराचन्द्र ढकाल, सूचना अधिकारी

श्री रञ्जित श्रेष्ठ, सू प्र अधिकृत

श्री विश्वास पाण्डे, सि स ई अधिकृतस्तर छैठौं

श्री प्रेम बहादुर गुरुङ स्वकीय सचिव

प्रस्ताव:

१. "बेलघारी शेरा पाचोक सडक" आयोजना कार्यान्वयन
२. "शेरा छोटेखोला ताजे सडक निर्माण" आयोजना कार्यान्वयन
३. "छवाङ्दीखोला लप्सीबोट सडक स्तरोन्नति" आयोजना कार्यान्वयन
४. निःशुल्क औषधि तथा सर्जिकल सामग्री खरिद सम्बन्धमा
५. स्थानीय सेवाका कर्मचारीको स्तरबृद्धि तथा तह मिलान
६. विविध

निर्णय:

| निर्णय नं | निर्णयको बेहोरा | कैफियत |
|---|---|---|
| १ | आ.व. २०८४।८५ मा सम्पन्न हुने गरी सङ्घीय समपुरक अनुदान अन्तर्गत चालु आ.व. मा रु १ करोड ५ लाख बराबरको श्रोत सुनिश्चित भएको "बेलघारी शेरा पाचोक सडक" बहुवर्षीय आयोजनामा (सङ्घीय सरकारको ६०% र गाउँपालिकाको ४०% लागत सहभागिता हुनुपर्ने) गाउँपालिकाबाट चालु आ.व. मा रु १ करोड ९५ लाख विनियोजन भई जम्मा रु ३ करोडको श्रोत सुनिश्चित भए तापनि ठेक्का सम्झौता बमोजिम बाँकी हुन आउने अपुग रकम आ.व. २०८३।८४ मा विनियोजन गरी भुक्तानी गर्ने गरी अधिकतम रु ४ करोड ५० लाखमा नबढ्ने गरी लागत अनुमान गराई ठेक्का आह्वान गर्न स्वीकृति दिने। | |
| २ | नेपाल सरकार, सशर्त अनुदानको बस्ती विकास कार्यक्रम अन्तर्गत प्राप्त " शेरा-छोटे खोला -ताजे सडक निर्माण, दोर्दी गापा, लमजुङ" आयोजनामा सशर्त अनुदान बापत रु ७० लाख विनियोजन भएकोमा गाउँपालिकाले सोही आयोजनामा रु २ करोड ३० लाख थप हुने गरी विनियोजन गरी जम्मा रु ३ करोडको श्रोत सुनिश्चित भए तापनि ठेक्का सम्झौता बमोजिम बाँकी हुन आउने अपुग रकम आ.व. २०८३।८४ मा विनियोजन गरी भुक्तानी गर्ने गरी अधिकतम रु ३ करोड ६० लाखमा नबढ्ने गरी लागत अनुमान गराई ठेक्का आह्वान गर्न स्वीकृति दिने। | |
| ३ | गण्डकी प्रदेश सरकार समपुरक अनुदानको यातायात पूर्वाधार अन्तर्गत प्राप्त "छवाङ्दीखोला लप्सीबोट सडक स्तरोन्नति" आयोजनामा प्रदेश सरकारबाट रु ६० लाख विनियोजन भएकोमा गाउँपालिकाले ५०% लागत सहभागिता जनाउनुपर्ने भएकोले विनियोजन गरेको रु ६० लाख गरी जम्मा रु १ करोड २० लाखको श्रोत सुनिश्चित भए तापनि ठेक्का सम्झौता बमोजिम बाँकी हुन | |

आउने अपुग रकम आ.व. समपुरक कोष शीर्षकबाट भुक्तानी गर्ने गरी अधिकतम रु १ करोड ५० लाखमा नबढ्ने गरी लागत अनुमान गराई ठेक्का आह्वान गर्न स्वीकृति दिने।

४ गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट निःशुल्क वितरण हुने औषधि तथा सर्जिकल सामग्रीहरु खरिदका लागि सङ्घीय सरकारको सशर्त अनुदान अन्तर्गत "आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद" शीर्षकमा विनियोजित रु १२ लाख ८७ हजार र गाउँपालिकाले "निःशुल्क औषधि तथा सर्जिकल सामग्री खरिद" शीर्षकमा रु १९ लाख विनियोजन भएकोमा स्वास्थ्य शाखाले पेश गरेको BOQ मा उक्त सीमा नाघ्ने देखिएकोले ठेक्का सम्झौता हुँदा विनियोजित रकम भन्दा बढी हुन आएमा बढी हुन आउने रकम अ. ल्या. गरी ल्याउने शीर्षकबाट भुक्तानी दिने गरी E-bidding गर्न स्वीकृति दिने ।

५ कार्यालयले स्थानीय सेवाका कर्मचारीको स्तरबृद्धि तथा तह मिलान सम्बन्धमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को परिच्छेद ५ र दफा २७ (१) बमोजिमको सम्पूर्ण शर्त पुरा भएका र पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन बमोजिम ऐनको दफा २७(४) अनुसार मिति २०८२।०४।०१ देखि लागु हुने गरी एवम् ऐनको दफा २७(६) बमोजिम स्वतः माथिल्लो तहको पद कायम हुने गरी देहाय बमोजिम तहबृद्धिका गरिदिने ।

देहायः

| कर्मचारी सङ्केत नं | नाम थर | हालको पद तह | तहबृद्धि हुने पद र तह |
|---|---|---|---|
| २४३२२८ | विश्वास पाण्डे | सव इन्जिनियर पाँचौ | सिनियर सव इन्जिनियर छैठौं |
| २४३२२७ | सुस्मा गुरुङ | सव इन्जिनियर पाँचौ | सिनियर सव इन्जिनियर छैठौं |
| २४३०४५ | अशोक उपरकोटी | कम्प्युटर अपरेटर पाँचौ | कम्प्युटर अपरेटर अधिकृत छैटौं |

हेमराज काफ्ले
प्रमुख प्रशासकीय अधिकृत

युवराज अधिकारी
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ६ | | क) वडा नं ९ बाट 'टक्सार ग्रामीण खानेपानी आयोजना" को पाइप पहिरोले बगाएकोले ४० एम एम को पि एन १० को २०० मिटर पाइप उपलब्ध गराउन सिफारिस भई आएकोले उक्त आयोजनाका लागि "राहत, उद्दार तथा पुनर्स्थापना" शीर्षकबाट २०० मिटर पाइप उपलब्ध गराउने ।<br>ख) नेपाल सरकारको वित्तीय हस्तान्तरण अन्तर्गत विशेष अनुदान चालुको "कृषिको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि तथा व्यवसायीकरण आयोजना" शीर्षकमा प्राप्त रकम रु ५४,००,००० (अक्षरेपि: चौवन्न लाख रुपैयाँ )तपसिल बमोजिम खर्च गर्ने गरी स्वीकृति दिने ।<br>ग) कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यपुस्तक लेखन तथा तयारीका लागि परामर्श सेवा खरिद मार्फत प्रकृया अगाडि बढाउन स्वीकृति दिने ।<br>घ) श्रीमङ्ग्याङ आयुर्वेद औषधालयका लागि आवश्यक औषधि खरिदका लागि सूचीकृत फर्महरुबाट खरिद कार्य अगाडि बढाउन स्वीकृति दिने । | |

तपसिल ←

हेमराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

युवराज अधिकारी
अध्यक्ष